आज मिति २०७९ साल असार ०९ गते विहान ७:०० बजे नलगाड नगरपालिका जाजरकोटका नगर प्रमुख श्री डम्बर बहादुर रावतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री डम्बर बहादुर रावत | नगर प्रमुख | | |
| २. | श्री सरिता सिंह | नगर उप प्रमुख | | |
| ३. | श्री मान बहादुर गिरी | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री धन बहादुर महर | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री पुर्ण बहादुर खत्री | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री कौशी बहादुर विष्ट | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री बद्री बहादुर पन्त | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री ओमराज बली | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री बीरेन्द्र बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री कृष्ण गिरी | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री तेज बहादुर सिंह | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री भविन्द्र बहादुर सिंह | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री अनिता रोका | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर बानिया | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री मोहन बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री सेतु गिरी | वडा नं. १३ अध्यक्ष | | |
| १७. | श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | कामी वि० | क |
| १८. | श्री खिमा कुमारी शर्मा | कार्यपालिका सदस्य | | |
| १९. | श्री मनमाया घर्ती | कार्यपालिका सदस्य | मनमाया | |
| २०. | श्री सिलाकुमारी कामी | कार्यपालिका सदस्य | शिला | |
| २१. | श्री सरिताकुमारी शाही | कार्यपालिका सदस्य | सरिता | |
| २२. | श्री कलिभाने नेपाली | कार्यपालिका सदस्य | | |
| २३. | श्री सरिता वादी | कार्यपालिका सदस्य | | |
| २४. | श्री सर्वजित वि.क. | कार्यपालिका सदस्य | | |

२५- [illegible] गिरी ना.प्र.सु. १

२६ [illegible] लेखापाल

२७. नारायण खत्री योजना शाखा प्रमुख

२८ किरण थापा राजस्व शाखा प्रमुख

२९ शान्ति बहादुर [illegible] [illegible]

मिति : २०७९।०३।०९ गतेको नगर कार्यपालिकाको बैठकको प्रस्तावहरु

१. विषयगत समितिहरुको गठन सम्बन्धमा ।

२. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम समितिहरुको गठन सम्बन्धमा ।

३. न्यायिक समिति गठनको लागि सिफारिस सम्बन्धमा ।

४. नगर प्रवक्ताको जिम्मेवारी सम्बन्धमा ।

५. नलगाड नगरपालिकाको आर्थिक विधेयक, २०७९ सम्बन्धमा ।

६. आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्य सम्बन्धमा ।

७. नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७९ सम्बन्धमा ।

८. नलगाड नगरपालिकाको आ.व. २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

९. आर्थिक वर्ष २०७९।८० को वार्षिक विकास कार्यक्रम स्वीकृति गर्ने सम्बन्धमा ।

१०.करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा करार सेवाअवधि थप सम्बन्धमा ।

११.करार सेवामा कार्यरत कर्मचारीहरुको तलबभत्ता वृद्धि सम्बन्धमा ।

१२. नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम-दोस्रोको बजेट रकामान्तर सम्बन्धमा ।

१३. नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रमको बजेट खर्च सम्बन्धमा ।

१४. शिक्षाका लागि खाद्य कार्यक्रमको सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

मिति :- २०७९।०३।०९ गतेको नगर कार्यपालिकाको वैठकको निर्णयहरु

निर्णय नं. १ :- नलगाड नगरपालिका नगरकार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचि ५ को नियम ६ को उपनियम (६) बमोजिम देहाय बमोजिम विषयगत समितिहरु सर्वसम्मत रुपमा गठन गरियो ।

(क) सार्वजनिक तथा क्षमता विकास समिति :-

१. श्री लाल बहादुर बाँनिया - संयोजक

२. श्री सरिता शाही - सदस्य

३. श्री कलिभान नेपाली - सदस्य

४. श्री लाल बहादुर खत्री सदस्य-सचिव

(ख) आर्थिक विकास समिति :-

१. श्री कौशि बहादुर विष्ट - संयोजक

२. श्री भविन्द्र बहादुर सिंह - सदस्य

३. श्री मनमाया घर्ती - सदस्य

४. श्री बालकृष्ण आचार्य सदस्य -सचिव

(ग) सामाजिक विकास समिति :-

१. श्री धन बहादुर महर - संयोजक

२. श्री खिमा कुमारी शर्मा - सदस्य

३. श्री ओमराज वली -सदस्य

3

४. श्री बलवीर वि.क. सदस्य-सचिव

(घ) पूर्वाधार विकास समिति :-

१. श्री विरेन्द्र खड्का - संयोजक

२. श्री तेज बहादुर सिंह -सदस्य

३. श्री सरिता वादी -सदस्य

४. श्री विष्णु बहादुर रोकाया सदस्य-सचिव

(ङ) वातावरण तथा विपत्त व्यवस्थापन समिति :-

१. श्री अनिता रोका -संयोजक

२. श्री कुमारी वि.क. -सदस्य

३. श्री मोहन बहादुर खत्री -सदस्य

४. श्री ज्योती रावल सदस्य - सचिव

(च) विधेयक समिति :-

१. श्री कृष्ण गिरी - संयोजक

२. श्री पूर्ण बहादुर खत्री - सदस्य

३. श्री सिला वि.क. -सदस्य

४. श्री मानबहादुर गिरी सदस्य-सचिव

निर्णय नं. २ :- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम देहायको समितिहरु गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(क) राजश्व परामर्श समिति :-

१.श्री सरिता सिंह - संयोजक

२. श्री मान बहादुर गिरी - सदस्य

३. श्री बद्रि बहादुर पन्त - सदस्य

४. श्री खिमकुमारी शर्मा - सदस्य

५. श्री......................-सदस्य

६. श्री ......................-सदस्य

७. श्री किरण थापा सदस्य-सचिव

(ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति :-

१. श्री डम्बर बहादुर रावत - संयोजक

२. श्री सरिता सिंह -सदस्य

३. श्री सरिता वादी -सदस्य

४. श्री कुमारी वि.क. -सदस्य

५. श्री सर्वजित वि.क. -सदस्य

६. श्री सेतु गिरी -सदस्य



प्रमुख प्रशासकीय अधिकृत

७. श्री मानबहादुर गिरी सदस्य- सचिव

(ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति :-

१. श्री सरिता सिंह - संयोजक

२. श्री लाल बहादुर बाँनिया -सदस्य

३. श्री भविन्द्र बहादुर सिंह -सदस्य

४. श्री ओमराज वली - सदस्य

५. श्री तेज बहादुर सिंह - सदस्य

६. श्री मोहन वहादुर खत्री - सदस्य

७. श्री पूर्ण वहादुर खत्री - सदस्य

८. श्री नारायण खत्री सदस्य- सचिव

**निर्णय नं ३:-** नेपालको सविधान २०७२ को धारा २१७ बमोजिम देहाय बमोजिमको न्यायिक समिति गठनको लागि नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

१. श्री सरिता सिंह - संयोजक

२. श्री पूर्ण बहादुर खत्री - सदस्य

३. श्री सरिता वादी - सदस्य

**निर्णय नं. ४ :-** यस नलगाड नगरपालिकाको नगरसभा तथा नगरकार्यपालिकाको विभिन्न निर्णयहरुको सूचना दिन यस नलगाड नगरपालिकाको नगरकार्यपालिका सदस्य श्री सर्वजित वि.क.लाई नगर प्रवक्ता तोक्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ५: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, कर्णाली प्रदेश सरकारको आर्थिक ऐन २०७७, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन लगायतको आधारमा नलगाड नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक नलगाड **नगपालिकाको आर्थिक विधेयक, २०७९ को मस्यौदालाई** पारित गरि स्वीकृतिको लागि मिति २०७९।०३।१० गतेको नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ६: नलगाड नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय, नलगाड नगर कार्यपालिकाको आर्थिक वर्ष २०७८।७९ को वार्षिक खर्चको विवरण, स्थानीय आवश्यकता तथा प्राथमिकता, विभिन्न विषयगत समितिहरुको सुझावको आधारमा आर्थिक वर्ष २०७९।०८० मा रु. **५९,१७,००,०००।०** अक्षरुपी उन्नसाठि करोड सत्र लाखको बजेट सीमा भित्र रहि वार्षिक योजना तथा कार्यक्रम सहितको तपसिल बमोजिम **बजेट बक्तव्य** स्वीकृत गरी पारितको लागि मिति २०७९।०३।१० गतेको नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

संचित कोषमा आर्थिक वर्ष २०७९।०८० मा प्राप्त हुने अनुमानित रकम

| सि.नं. | शीर्षक | अनुमान | कैफियत |
|---|---|---|---|
| १= | नेपाल सरकारबाट प्राप्त शःसर्त अनुदान रु | ३२,१८,००,००० | |
| २= | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान रु | १०,४५,००,००० | |
| ३= | नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँट रु | ११,७१,२९,००० | |
| ४= | कर्णाली प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान रु | १०१,५८,००० | |
| ४= | कर्णाली प्रदेश सरकारबाट प्राप्त शःसर्त अनुदान रु | ९९,५०,००० | |
| ४= | कर्णाली प्रदेश सरकारबाट प्राप्तविशेष अनुदान रु | ५०,००,००० | |
| ५= | नेपाल सरकारबाट प्राप्त विशेष अनुदान रकम रु | ० | |
| ७= | गत वर्षको नगद मौज्दातको अनुमान रु | १२६६३००० | |
| ८= | आन्तरिक राजश्वको अनुमान रु | १०५,००,००० | |
| | कुल संचित कोषमा प्राप्त हुने अनुमानित रकम रु | ५९,१७,००,००० | |

निर्णय नं. ७- नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, राजनैतिक दल, कर्मचारीहरुको सुझाव, विभिन्न

विषयगत समितिहरुको सुझाव, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझाव, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सुझाव, नेपाल सरकारको मार्गदर्शन, कर्णाली प्रदेश सरकारको मार्गदर्शन लगायतको आधारमा तयार गरिएको **नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७९ को मस्यौदालाई** पारित गरि स्वीकृतिको लागि मिति २०७९।०३।१० गतेका नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, विभिन्न राजनैतिक पार्टी, विज्ञहरु, कर्मचारीहरुको सल्लाह सुझाव, स्थानीय आवश्यकता तथा प्राथमिकता, विभिन्न विषयगत समितिहरुको सुझाव र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस समेतको आधारमा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को **वार्षिक नीति तथा कार्यक्रम** नगर कार्यपालिकाबाट पारित गरि स्वीकृतिको लागि मिति २०७९।०३।१० गतेको नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ९ :- नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट छनौट भएका योजना तथा कार्यक्रम, विभिन्न संघ संस्था, समुह लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायका व्यक्तिहरुको सुझाव, राजनैतिक दल, कर्मचारीहरुको सल्लाह सुझाव, स्थानीय आवश्यकता तथा प्राथमिकता, वडा समितिबाट प्राथमिकिकरणमा परेको योजना तथा कार्यक्रम, विभिन्न विषयगत समितिहरुको सुझाव, नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस लगायतको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७९।०८० को **नलगाड नगरपालिकाको वार्षिक विकास कार्यक्रम** पारित गरि स्वीकृतिको लागि मिति २०७९।०३।१० गतेको नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १० :- (क) नलगाड नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरुमा साविक देखि सेवा करारमा कार्यरत सव ईञ्जिनियर, असिस्टेन्ट सव ईञ्जिनियर, प्रशासन सहायक, हेभि सवारी चालक, हल्का सवारी चालक, श्रेणीविहिन कर्मचारी (स्वीपर, चौकिदार, पाले, कार्यालय सहयोगी)

स्थायी कर्मचारीहरु पदपुर्ति भई आएमा स्वतः पदमुक्त हुने गरी मिति २०७९।०४।०१ देखि २०७९ पौष मसान्तसम्म ६ महिना करार सेवा अवधि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ख) नलगाड नगर कार्यपालिकाको कार्यालय अर्न्तगतका विषयगत शाखाहरुमा साविक देखि सेवा करारमा कार्यरत एक गाउँ एक कृषि प्राविधिक, एक गाउँ एक प्राविधिक (पशु सेवा) र आधारभुत स्वास्थ्य तथा सरसफाई शाखामा अर्न्तगत विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत अ.न.मी., अ.हे.व., असिस्टेण्ट ल्याव टेक्निसियन र कार्यालय सहयोगीहरुको पदावधि स्थायी कर्मचारीहरु पदपुर्ति भई आएमा स्वतः पदमुक्त हुने गरी मिति २०७९।०४।०१ देखि २०७९ पौष मसान्तसम्म ६ महिना करार सेवा अवधि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११:-** नलगाड नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका विषयगत शाखा, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा साविक देखि सेवा करारमा कार्यरत सव ईन्जिनियर, असिस्टेन्ट सव ईन्जिनियर, प्रशासन सहायक, एक गाउँ एक कृषि प्राविधिक, एक गाउँ एक प्राविधिक (पशु सेवा), अ.न.मी., अ.हे.व., असिस्टेण्ट ल्याव टेक्निसियन, हेभि सवारी चालक, हल्का सवारी चालक, श्रेणीविहिन कर्मचारी (स्वीपर, चौकिदार, पाले, कार्यालय सहयोगी) कर्मचारीहरुको मिति २०७९।०४।०१ देखि लागु हुने नेपाल सरकार अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७९।०८० बजेट वक्तव्यको बुदाँ नं. ३६७ अनुसार खाईपाई आएको तलबमानमा (स्रोत सुनिश्चितता गरी) १५ प्रतिशत बृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १२ :- नलगाड नगरपालिका नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम-दोस्रोको आर्थिक वर्ष २०७८।०७९ मा संचालित योजना कार्यान्वयन गर्नको लागि यस नगरपालिकामा कार्यरत प्राविधिक सहजकर्ता (सव ईन्जिनीयर) श्री पुष्पराज गौतम मिति २०७८ श्रावन देखि २०७८ चैत्र मसान्तसम्म कार्यरत रही नलगाड नगरपालिकाको सव ईन्जिनीयर पदको विज्ञापन पश्चात नगरपालिका अन्तरगत पदस्थापना भएको सो सन्दर्भमा उक्त कर्मचारीका लागि त्यस कार्यक्रमबाट कर्मचारीको तलव भत्ता, स्थानीय भत्ता तथा भ्रमण खर्चका लागि रु.६,००,०००। (अक्षरुपी छ लाख रुपैया मात्र) विनियोजन भएको र २०७८ चैत्र मसान्तसम्ममा रु. ४,५५,०००। (अक्षरुपी चारलाख पच्पन्न हजार रुपैया मात्र) खर्च भईसकेकोले बाँकी रहेको रु.१,४५,०००। (अक्षरुपी एक लाख पैतालिस हजार रुपैया मात्र) नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम अन्तरर्गत निर्णय भएका ६ वटा परियोजनाहरु मध्ये जलवायू



प्रमुख प्रशासकीय अधिकृत

परिवर्तन सम्बन्धि सचेतना कार्यक्रम पुरा गर्न केही रकम बढी लाग्ने देखिएकोले उक्त रकम रु.१,४५,०००। (अक्षरुपी एकलाख पैतालिस हजार रुपैया मात्र) त्यस परियोजनामा समायोजन गर्ने र उक्त कार्यका लागि नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम-दोस्रोलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

<u>निर्णय नं. १३ :</u>- नलगाड नगरपालिका नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम-दोस्रोको आर्थिक वर्ष २०७८।०७९ मा संचालित योजना कार्यान्वयन गर्नको लागि यस नगरपालिकामा कार्यरत प्राविधिक सहजकर्ता (सब ईन्जिनीयर) श्री पुष्पराज गौतम मिति २०७८ श्रावन देखि २०७८ चैत्र मसान्तसम्म कार्यरत रही नलगाड नगरपालिकाको सब ईन्जिनीयर पदको विज्ञापन पश्चात नगरपालिका अन्तरगत पदस्थापना भएकोले नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम-दोस्रो अन्तरगतका परियोजना कार्यान्वयनको लागि यस नलगाड नगरपालिकाबाट प्राविधिक जनशक्तिलाई परिचालन गर्नुपर्ने भएको सन्दर्भमा सोको लागि भ्रमण, अनुगमन र अन्य आवश्यक पर्ने थप रकम नगरपालिकाले समिक्षा खर्च शिर्षकमा म्याचिङ्ग गर्न विनियोजन गरेको रु.२,००,०००। (अक्षरुपी दुई लाख रुपैया मात्र) मध्ये १,५०,०००। (अक्षरुपी एक लाख पच्चास हजार रुपैया मात्र) आवश्यक कार्यमा खर्च गर्न नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम-दोस्रोसंग अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

<u>निर्णय नं. १४ :</u>- यस नलगाड नगरपालिकामा शिक्षाका खाद्य कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी कार्यान्वयको लागि यस नलगाड नगरपीलका शिक्षा, यूवा तथा खेलकुद शाखामा कार्यरत श्रोत व्यक्ति मणिराम पोखरेललाई सम्पर्क व्यक्ति तोक्ने निर्णय सर्वसम्मत पारित गरियो ।

प्रमुख प्रशासकीय अधिकृत